विधेयकमा प्राप्त संशोधन सूचनाको एकीकृत विवरण
(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः आर्थिक विधेयक, २०८३

संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमानुसार):

दर्ता. नं.	माननीय सदस्यहरूको नाम, थर
१.	मा. हरि प्रसाद भुसाल
२.	मा. हर्कराज राई
३.	मा. गंगालक्ष्मी अवाल
४.	मा. प्रा. डा. पुष्पराज कडेल
५.	मा. सुशील खड्का
६.	मा. पार्वती वि.क.
७.	मा. नरेन्द्र कुमार केरुङ, मा. निश्कल राई

संशोधनको एकीकृत सूची

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१.	मा. हर्कराज राई	९	**दफा ९ सँग सम्बन्धित अनुसूची १ को शीर्षक २७.१० को,** - उपशीर्षक २७१०.१२.१० मा रहेको मोटर स्पिरिट (पेट्रोल) को हरित कर दर **"प्रति लि. रु. १५"** रहेकोमा त्यसको सट्टा **"प्रति लि रु. ५"** राख्नुपर्ने। - उपशीर्षक २७१०.१९.३० मा.. हाई स्पीड डिजेलको **"हरित कर दर प्रति लि. रु. १३"** रहेकोमा सोको सट्टा **"हरित कर दर प्रति लि. रु. ३"** राख्नुपर्ने।
२.	मा. हर्कराज राई	११	**दफा ११ सँग सम्बन्धित अनुसूची ३ को शीर्षक ८७.०४ को** , - उपशीर्षक ८७०४.६०.३२ को ...मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभर सहित २ जना भन्दाबढी मानिस बोक्ने डबल क्याब पिकअप गाडीको स्वच्छ पूर्वाधार लगानी शुल्क **"१० %"** रहेकोमा सोको सट्टा **"५% "** राख्नुपर्ने।
३.	मा. हर्कराज राई	१५	**उपदफा (१) मा रहेको,** - **"तीन प्रतिशत"** भन्ने शब्दहरूको सट्टा **"०.५ प्रतिशत"** भन्ने शब्दहरू राख्नुपर्ने।
४.	मा. गंगालक्ष्मी अवाल	१५	**उपदफा (१) मा रहेको** - **"तीन प्रतिशत"** भन्ने शब्दहरूको सट्टा **" निशुल्क" वा "एक प्रतिशत"** भन्ने शब्दहरू राख्नुपर्ने।
५.	मा. हर्कराज राई	१६	**अनुसूची-७ (दफा १६ सँग सम्बन्धित) को बुँदा नं. १ मा रहेको,** - "तीन प्रतिशत" भन्ने शब्दहरूको सट्टा "०.५ प्रतिशत" भन्ने शब्दहरू राख्नुपर्ने।
६.	मा. गंगालक्ष्मी अवाल	१६	**दफा १६ मा रहेको,**

			- "निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले विद्यार्थीबाट असुल गर्ने सबै प्रकारका शुल्कमा अनुसूची ७ बमोजिम शिक्षा समता शुल्क लगाई असुलउपर गरिने छ।" भन्ने शब्दहरू हटाउनुपर्ने।
७.	मा. पार्वती वि.क.	१६	दफा १६ हटाउनु पर्ने।
८.	मा. नरेन्द्र कुमार केरुङ, मा. निश्कल राई	१६	दफा १६ हटाउनु पर्ने।
९.	मा. हरि प्रसाद भुसाल	१७	**<u>दफा १७ मा देहायको व्यवस्था थप गर्नुपर्ने:</u>** - आपतकालीन सेवा, बालरोग तथा क्यान्सर, मिर्गौलाजस्ता प्राणघातक रोगबाट आर्थिक समस्याको कारण ज्यान गुमाउन बाध्य कमजोर आर्थिक अवस्था भएका जनतालाई बचाउनका लागि यो रकम खर्च गरिनेछ।
१०.	मा. हर्कराज राई	१७	**<u>अनुसूची-८ (दफा १७ सँग सम्बन्धित) को बुँदा नं. १ मा रहेको,</u>** - **"तीन प्रतिशतका दरले स्वास्थ्य समता शुल्क लगाई असुल उपर गरिनेछ"** भन्ने शब्दहरूको सट्टा **"कर छुट दिइनेछ"** भन्ने शब्दहरू राख्नुपर्ने।
११.	मा. गंगालक्ष्मी अवाल	१७	**<u>दफा १७ मा रहेको,</u>** - "निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा प्रदायकले बिरामीबाट असुल गर्ने सबै प्रकारका सेवा शुल्कमा अनुसूची ८ बमोजिम स्वास्थ्य समता शुल्क लगाई असुलउपर गरिने छ।" भन्ने शब्दहरू हटाउनु पर्ने।
१२.	मा. पार्वती वि.क.	१७	दफा १७ हटाउनु पर्ने।
१३.	मा. नरेन्द्र कुमार केरुङ, मा. निश्कल राई	१७	दफा १७ हटाउनु पर्ने।
१४.	मा. प्रा.डा. पुष्पराज कडेल	२७	**<u>उपदफा (१) मा रहेको,</u>**

			- **"पचास प्रतिशत छुट हुनेछ"** भन्ने शब्दहरूको सट्टा **"सतप्रतिशत छुट हुनेछ"** भन्ने शब्दहरू राख्नुपर्ने।
१५.	मा. सुशील खड्का	३४	**दफा ३४ मा रहेको,** - **"महसुल"** भन्ने शब्दको पछि **"वा जरिबाना"** भन्ने शब्दहरू र **"पुस मसान्तभित्र बुझाएमा"** भन्ने शब्दहरूको पछि **"निर्धारण भएको"** भन्ने शब्दहरू थप गर्नुपर्ने। - **"सोमा लागेको"** भन्ने शब्दहरूको सट्टामा **"निर्धारण भएको"** भन्ने शब्दहरू राख्नुपर्ने।
१६.	मा. प्रा.डा. पुष्पराज कडेल	३५	- उपदफा (३) हटाउनु पर्ने।
१७.	मा. प्रा.डा. पुष्पराज कडेल	४२	- हटाउनु पर्ने।
१८.	मा. नरेन्द्र कुमार केरुङ, मा. निश्कल राई	४६	**दफा ४६ को,** - उपदफा (३) हटाउनु पर्ने।
१९.	मा. सुशील खड्का	४९	**दफा ४९ को उपदफा (१) मा रहेको,** - दफा शीर्षकमा रहेको "लाग्ने जरिबाना" भन्ने शब्दहरूको सट्टा "लाग्ने जरिबाना, थप दस्तुर" भन्ने शब्दहरू राख्नुपर्ने। - उपदफा (१) र (२) मा रहेको "जरिबाना, ब्याज" भन्ने शब्दहरूको सट्टा "जरिबाना, ब्याज, थप दस्तुर" भन्ने शब्दहरू राख्नुपर्ने।
२०.	मा. प्रा.डा. पुष्पराज कडेल	५५	**दफा ५५ को,** - उपदफा (१) पछि थप गरिएको उपदफा (१क) र (१ख) हटाउनुपर्ने।
२१.	मा. नरेन्द्र कुमार केरुङ, मा. निश्कल राई	५५	**दफा ५५ को,** - उपदफा (१) अनुसार मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ मा थपिएको उपदफा (१ख) मा रहेको "र अन्तिम उपभोक्तालाई विद्युत सेवा प्रदान गर्ने व्यक्ति" भन्ने शब्दहरू हटाउनु पर्ने।

			- उपदफा (१०) को अनुसूची-१ को समूह २ को भन्सार उपशीर्षक २७१६.००.०० हटाउनु पर्ने।
२२.	मा. प्रा.डा. पुष्पराज कडेल	**५७**	**<u>उपदफा (२६) को (१) को,</u>** - खण्ड (घ) मा रहेको "सत्ताईस प्रतिशत" भन्ने शब्दहरूको सट्टामा "तिस प्रतिशत" भन्ने शब्दहरू राखुपर्ने। - खण्ड (ङ) मा रहेको "दुई प्रतिशत" भन्ने शब्दहरूको सट्टामा "पाँच प्रतिशत" भन्ने शब्दहरू राखुपर्ने।
२३.	मा. सुशील खड्का	**५७**	**उपदफा (२५) को सट्टा देहायको उपदफा (२५) राख्नुपर्नेः** "(२५) दफा ११९क. को उपदफा (१) को सट्टा देहायको दफा ११९क. को उपदफा (१) राखिएको छः- ११९क. (१) दफा ८१ को उपदफा (४) बमोजिम विद्युतीय बीजक जारी गर्ने करदाताले तथ्याङ्क मेट्न वा सच्याउन सकिने सफ्टवेयर प्रयोग गरेमा पाँच लाख रुपैयाँ र सोही दफाको अन्य व्यवस्था पालना नगरेमा एक लाख रुपैयाँ शुल्क लाग्नेछ।"
२४.	मा. नरेन्द्र कुमार केरुङ, मा. निश्कल राई	**अनुसूची**	अनुसूची-७ र अनुसूची-८ हटाउनु पर्ने।

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूको अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि २४ सम्मका संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख